प्रदेश सरकार
प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र सख्या : ०७५/७६
चलानी नं.:

## सूचना

ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका स्थलहरुको मर्मत, सम्भार र पुनर्निर्माणका लागि प्रस्ताव पेश गर्ने बारेको सूचना ।

सूचना प्रकाशित मिति २०७५।१०।०३

यस मन्त्रालयको आर्थिक वर्ष २०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रदेश नं. ५ भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका स्थलहरुको मर्मत, सम्भार र पुनर्निर्माण कार्यका लागि यस मन्त्रालयबाट अनुदान उपलब्ध गराइने भएकोले उल्लेखित प्रकृतिका स्थलहरुको संरक्षण, सम्बर्द्धन र विकासमा क्रियाशिल संघ, संस्था, समिति, निकायहरुले तपसिलका कागजात र विवरण सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उप सचिव

तपसिलः

(प्रस्ताव सँगै पेश गर्नुपर्ने विवरण एवं कागजात)

१) उक्त स्थल रहेको ठाउँको ठेगाना ।

२) उक्त स्थल ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पुरातात्विक मध्ये कुन सँग सम्बन्धित हो भन्ने आधिकारिक कागजात ।

३) सो स्थल विकासको गुरुयोजना, विस्तृत परियोजना प्रस्ताव (DPR) तयार भएको भए पेश गर्नु हुन ।

४) सो स्थल रहेको जग्गाको अवस्था (सार्वजनिक, नीजी, गुठी, धार्मिक वन वा अन्य) के हो खुलेको कागजात, कित्ता नं., क्षेत्रफल र स्वामित्व वा भोगाधिकार पाएको प्रमाण ।

५) उक्त स्थान सञ्चालनका लागि संस्थागत व्यवस्था, समिति विधान दर्ता भएको भए दर्ता नविकरण भएको प्रमाणपत्र ।

६) सो स्थलको हालको अवस्था झल्किने फोटोहरु वा लिखित दस्तावेज वा अन्य सम्बन्धित अभिलेख ।

७) सो स्थलको विकासका लागि हालसम्म कुन कुन संघ संस्था व्यक्ति, सरकारी, गैर सरकारी निकायबाट के कस्तो सहयोगहरु प्राप्त भएको छ र के कति रकम खर्च भएको छ सो को सामाजिक परिक्षण, लेखा परिक्षण प्रतिवेदनहरु समेत भए पेश गर्नुहुन ।

८) सो स्थलको संरक्षण, सम्बर्द्धन र विकासबाट प्राप्त हुने उपलब्धिहरुको सूची ।

९) आ.व. २०७५।७६ मा सो स्थलको मर्मत संभार वा पुनर्निर्माण के गर्नु पर्ने हो ? सो कामको लागत इस्टिमेट र कार्ययोजना ।

१०) स्थानीय तहको सिफारिश ।

११) सो स्थलसँग सम्बन्धित अन्य उल्लेख्य कुराहरु भए सो समेत संलग्न गर्नु हुन ।

पुनश्चः- सो मिति भित्र पेश हुन आएका प्रस्तावको अध्ययन गरी अनुदानका लागि छनौट गरि सम्बन्धितलाई अनुदानका लागि सूचित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।